नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री भोला दाहालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३२१ दायर मितिः-२०८१/१२/२८**

**फैसला मितिः-२०८२/०८/२९**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **छोटेलाल दास तत्वाको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.२७ बस्ने रमन दास तत्वाको छोरा बर्ष ४२ को तुलसी दास तत्वा समेत २ जना ............................१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोभन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहेरवालालाई गाली गलौज गर्दै कुटपिट समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका गणेश प्रसाद कुश्वाहा समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
६. जाहेरवाला तथा घटनास्थल मुचुल्का गर्ने व्यक्तिले यस कार्यालयमा गरेको बकपत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१०।०३ गते राति अं.२०:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.२७ स्थित सडकमा बिपक्षीहरु तुलसी दास तत्वा र श्यामबाबु दास तत्वा समेतले घेरा हाली अश्लिल गाली गलौज गर्नुको साथै भुई जमिनमा लडाई हात मुक्का समेतले कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई पक्राउ गरी कानून बमोजिम कारवाही गरी उपचारमा लागेको खर्च समेत दिलाई पाउँ भन्ने समेत व्यहोराको छोटेलाल दास तत्वाको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा जाहेरवाला तथा घटनास्थल मुचुल्का गर्ने व्यक्ति समेत यस कार्यालयमा उपस्थित भई गरेको बकपत्र समेतको आधारमा थमाउने म्याद समेत गुजारी बसेका यी प्रतिवादीहरु तुलसी दास तत्वा र श्यामबाबु दास तत्वा ले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुले सार्वजनिक सडकमा जाहेरवालालाई घेरा हाली अश्लिल गाली गलौज गर्नुको साथै भुई जमिनमा लडाई हात मुक्का समेतले कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु तुलसी दास तत्वा र श्यामबाबु दास तत्वालाई कैद १५ दिन, रु.१००००/- अक्षरेपी दस हजार मात्र जनही जरिवाना र ऐ.ऐ.संहिताको दफा १२७ को हकमा प्रतिवादीहरुबाट जाहेरवालालाई उपचार खर्च रु.८१५३७/- भरी भराई दिने समेत ठहर्छ । सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु तुलसी दास तत्वा र श्यामबाबु दास तत्वालाई ठहरेको कैद १५ दिन भुक्तान गराउन, जरिवाना जनही रु.१००००/- असुल उपर गर्न र प्रतिवादीहरुबाट जाहेरवालालाई भरी भराई दिनु पर्ने उपचार खर्च रु.८१५३७/- भरी भराउन जिल्ला प्रहरी कार्यालय, पर्सालाई पत्र लेख्नु ------------------------------------------------------------------------१
२. प्रतिवादीहरुले थमाउने म्याद समेत गुजारी बसेको हुँदा पुनरावेदनको म्याद बारे केही बोलिरहनु परेन ---------------------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु--------------------------१

**भोला दाहाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८२ मंसिर महिना २९ गते सोमवार रोज २/ ने.सं. ११४६ थिंलागा एकादशी, शुभम् .......